# इस्मा गाउँपालिका

# २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम

इस्मा गाउँपालिका

इस्मा रजस्थल, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु !**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाद्वारा नेपालको समुचित विकास र समृद्धिको आकांक्षालाई पुरा गर्नुका अतिरिक्त नागरिकलाई सुशासनयुक्त सेवा प्रदान होस् भन्ने उद्देश्यले स्थापित संघीयताको मूल स्तम्भका रुपमा विद्यमान स्थानीय तहको दोस्रो निर्वाचन पछिको पहिलो एक वर्ष हामीले पूरा गरेका छौं। यस अवधिमा प्राप्त महत्वपूर्ण अनुभवमा आधारित रही तथा विभिन्न चरणमा टोल बस्तीस्तरका आम नागरिकहरु, गैर सरकारी एवम् सामाजिक संघ संस्थाहरु, विद्यार्थी, शिक्षक, विभिन्न लक्षित समुदायका प्रतिनिधिहरु, सञ्चारकर्मी, कर्मचारी, सामाजिक सञ्जाल, इमेल, फेसबुक पेजबाट समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त सुझावहरुलाई मार्गदर्शनका रुपमा लिएर तयार गरिएको आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दै गर्दा आफ्नो मन र मतद्वारा हामीलाई इस्मा गाउँपालिकाको सेवकका रुपमा निर्वाचित गर्ने समस्त इस्माबासी नागरिकहरुलाई धन्यवाद ज्ञापन गर्दै राजनैतिक परीवर्तन र यो व्यवस्था ल्याउनको लागि आफ्नो प्राणको आहुति दिने शहिदहरु, संघर्ष गर्ने घाइते, बेपत्ता तथा पिडित नागरिकहरुप्रति उच्च सम्मान भाव व्यक्त गर्दछु।

आर्थिक वर्ष २०७९।०८० मा तर्जुमा गरिएको नीति तथा कार्यक्रममा निर्दिष्ट धेरै कार्यहरु सम्पन्न भई सकेका छन् भने केही कार्यान्वयनको चरणमा छन्। समग्रमा इस्मा गाउँपालिकाको आ.व. २०७९।०८० को यो एक वर्षको समयमा ऐन र कानुन निर्माण तथा सेवा प्रवाहलाई प्राथमिकतामा राखेर हामीले कार्यसम्पादन गरेका थियौ। उक्त नीति तथा कार्यक्रम व्यवहारिक, जनमुखी, सेवामुखी र सफल भएको प्रतिविम्ब निम्न कार्यहरुमा देखिन्छ।

**सेवाग्राही प्रतीक्षास्थलः-**

गाउँपालिकाको कार्यालयमा विभिन्न कामले आउनु हुने नागरिकलाई बस्ने स्थल व्यवस्थित थिएन। पानी परे बस्नै नमिल्ने, घाम लागे बस्नै नसकिने अवस्था थियो। जनताको सहजताका लागि सामाजिक समावेशीकण लैंगिक समानताको मर्मलाई आत्मसात गर्दै व्यवस्थित बस्ने ठाउँ निर्माण गरियो।

**नागरिक सहायता कक्ष निर्माणः**

केही निरक्षर नागरिकलाई निवेदन लेख्ने समस्या, कसैलाई पैसा तिरेर लेखाउनु पर्ने, धेरैले लेख्ने झन्झट मान्ने, फोटोकपी गर्न पनि बाहिर पसलमा शुल्क तिर्नुपर्ने समस्या समाधान गर्न निःशुल्क फोटोकपी र निवेदन लेख्न सहयोग पुर्याउन "**शिघ्र सेवा, तिव्र विकास**" को अवधारणा अनुरुप नागरिक सहायता कक्ष निर्माण गरी सेवा पुर्याउँदै आइएको छ।

**टोल विकास संस्था गठनः**

इस्मा गाउँपालिकामा उपभोक्ता समितिहरुबाट पालिकाको कार्यालयमा योजना सम्झौता गर्न आउँदा, बीचमा योजनाकै कामले र पछि भुक्तानी लिन आउँदा सार्वजनिक सवारी साधन नचल्ने भएकोले मोटरसाइकल भएको अर्को व्यक्तिलाई यातायातका लागि सहयोग लिदाँ प्रत्येक पल्ट भएको बजेटबाट समिति खर्च भनेर ठूलो रकम खर्च गर्नु पर्ने बाध्यता रहेको गुनासो आउने गर्थ्यो। यसैलाई मध्यनजर गर्दै गुल्मी जिल्लामै पहिलोपटक टोल विकास संस्थाको अवधारणा अनुसार काम अगाडी बढाएका छौं।

अपनो टोल भित्रका सबै योजनाहरु सम्झौता गरी उनीहरुले सम्पन्न गर्छन । धेरै व्यक्तिले बेहोर्नु परेको झन्झट यसरी कम गरेका छौं । समिति खर्चका नाममा हुने बजेट चुहावट रोकिएको छ । ससाना मर्मत काम समेत टोल विकास संस्थाहरुले गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

नागरिक र टोल विकास संस्थाले छिटो र सहजतापूर्वक सेवा प्राप्त गरून भन्ने हेतुले पहिला गाउँकार्यपालिकाको कार्यालयबाट सेवा प्रदान गरी रहेका प्राविधिकहरूलाई वडा वडामा नै खटाई सेवा प्रदान गरिएको छ ।

**एकिकृत घुम्ती शिविरः** संघीयताको मूल मर्म विकेन्द्रिकरण हो । अतः जनताको सजिलो र सहजताका लागि हामीले एकिकृत घुम्ती शिविर सञ्चालन गरी पालिकाबाट प्रदान हुने सेवालाई वडावडामै उपलब्ध गरायौं । मिति २०७९।१२।१९ गते देखि २०७९।१२।२४ गतेसम्म ६ वटै वडामा १४ प्रकारका सेवा प्रदान गरी ३४७६ इस्माली जनतालाई सेवा पुर्याइएको थियो ।

उल्लेखित कामहरुको अतिरिक्त सम्पादन भएका अन्य कार्यक्रम निम्नानुसार छन् ।

- कक्षा ११ र १२ मा **निःशुल्क शिक्षा** प्रारम्भ
- सामुदायिक विद्यालयहरुमा प्रसुति बिदा/ प्रसुति स्याहार बिदा/ अध्ययन बिदा/ अन्य बिदा वा विभिन्न कारणले आंशिक रुपमा रिक्त हुने शिक्षक पदमा गाउँपालिकाको तर्फबाट **स्वयम् सेवक शिक्षक** व्यवस्थापन ।
- **शिक्षा ऐन** लगायत विभिन्न कानूनहरु तर्जुमा ।
- **स्थानीय पाठ्यक्रम** निर्माण तथा लेखन ।
- **अध्यक्ष कप** खेलकुद प्रतियोगिता।
- स्थायी सेवामा नयाँ प्रवेशी शिक्षकका लागि सेवा प्रवेश सम्बन्धी **पेशागत तालिम** सम्पन्न।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुको स्थलगत अध्ययन तथा अनुगमन गरी विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित तथ्याङ्कको सङ्कलन गरी **विद्यालय/कक्षा/तह समायोजन**का लागि कार्यदल गठन गरी **शिक्षक/कर्मचारी दरबन्दी मिलान** समेत सम्पन्न गरिएको ।
- बाल विकास केन्द्रका शिक्षकहरूलाई ४५ दिने **मन्टेस्वरी तालिम**
- माटो परीक्षणका लागि **Soil Test Lab** स्थापना ।
- **पुष्प खेती** प्रारम्भ।
- खानेपानीको समस्या वडा नं. २, ४, ५, ६ का केही भागहरु पालुखा, ताल्तुङ, बुल्म, हुल खग्रेटा, बाँझ, दरिनढुंगा, दोहली लगायतका ठाउँमा पनि समस्या देखेपछि **निस्ति बृहत खानेपानी** मार्फत ३, ४ र ५ वडालाई लक्षित गरी ७० लाखको काम सञ्चालनमा छ ।
- पहिरोले अवरुद्ध सबै मोटरबाटोहरु तत्काल सुचारु गराई यातायातको सहज आवतजावत गराइएको
- **न्यायिक इजलास (छलफल कक्ष)** निर्माण

- ६० वर्ष माथिका जेष्ठ नागरिकलाई **टोल टोलमै स्वास्थ्य परीक्षण**
- सुगर र प्रेसरको **नि:शुल्क औषधी** वितरण
- मदिराजन्य सामाग्रीको प्रयोगलाई निरुत्साहित गर्न इस्मा गा.पा. भित्रका दलित/जनजाति परिवारमा **मदिरा सेवन नगर्ने** अभिभावकका **बच्चाहरुलाई शैक्षिक सामग्री** वितरण गर्ने कार्यक्रम
- गर्भवती महिलाहरुको **निःशुल्क अल्ट्रासाउण्ड** आरम्भ
- **आँखाको मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया**
- **नि:शुल्क मुटुरोग शिविर**
- इस्मा गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन **५ वा ५ भन्दा बढी दुहुना गाई /भैंसी** पाल्ने व्यक्ति / फर्म लाई **मासिक** रू. १०, ००० प्रदान
- २०८० साल बैशाख १ गते देखि वैदेशिक रोजगारीलाई थप व्यवस्थित तथा सहज बनाउने नेपाल सरकारको निर्णयानुसार व्यक्तिगत **श्रम स्वीकृति** तथा **पुनःश्रम स्वीकृति** श्रम तथा रोजगार सेवा केन्द्रबाट आरम्भ भएको छ ।
- अशक्त र अपाङ्गहरुको बैंक खाता घरघरमा गई खोलिएको ।
- सामजिक सुरक्षा भत्ता लिन स्वयं बैकमा जान नसक्ने लाभग्राहीको संरक्षक कायम गरी संरक्षक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको ।
- ५५ वर्ष माथिका **एकल पुरुषलाई भत्ता**
- **टोल टोलमा सामाजिक सुरक्षा भत्ता वितरण**
- परिचयपत्र नवीकरणका लागि इमेल मार्फत निवेदन दिन सक्ने व्यवस्था मिलाइएको ।
- अति अशक्त लाभग्राहीहरुको **सामाजिक सुरक्षा भत्ता घरमै** वितरण गरिएको ।

**उपस्थित सदस्यज्यूहरु !**

विश्वको अर्थतन्त्र कोभिड महामारी पछि कमजोर भएको छ । हाम्रो देश पनि यसबाट अछुतो छैन । नेपालको अर्थतन्त्रको राष्ट्रिय अवस्था हामी सबैले बुझेकै छौं । यस आ.व. को अन्तिम चौमासिकको ५० प्रतिशत मात्रै संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएको छ । सबै स्थानीय तहमा गत वर्षको तुलनामा समानीकरण अनुदान कम प्राप्त हुँदैछ । संघीय सरकारद्वारा सशर्त अनुदान बढाएर समानीकरण अनुदान घटाइनु र प्रदेश सरकारबाट स्थानीय तहको बजेट घटाउदै लगिनु संघीयताको मर्म विपरितको कार्य हो । यसले हाम्रो गाउँपालिकामा सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहमा समेत प्रतिकूल प्रभाव पारेको छ ।

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शन बारेमा जानकारी गराउन चाहन्छु ।

- गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४
- गाउँपालिकाबाट पारित कार्य सम्पादन नियमावली, २०७४
- लुम्बिनी प्रदेशको गाउँ सभा/नगर गाउँसभा (सञ्चालन कार्यविधि) ऐन, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अर्थ मन्त्रालयको नीति तथा निर्देशन
- संघीय सरकारबाट प्राप्त बजेट सिलिङ
- प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ
- राजश्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक श्रोत
- गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय, सल्लाह एवम् सुझावहरु
- श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको सिफारिस
- विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस
- आवधिक गाउँ विकास योजना (०७५/०७६-०७९/०८०)
- गाउँपालिकामा हाल सम्म तर्जुमा भएका ऐन/नियमावली/ निर्देशिका/ मापदण्ड/ रणनीति/ कार्यविधि

**आदरणीय गाउँ सभासदस्य ज्यूहरु !**

यस गाउँपालिकाद्वारा आगामी आ.व. २०८०/०८१ का लागि आयोजना छनौट गर्दा अवलम्बन गरिने नीतिका बारेमा जानकारी गराउन चाहन्छु।

- सफा, स्वच्छ र शुद्ध खानेपानीको पहुँच विस्तार
- शिक्षा र स्वास्थ्यको क्षेत्रमा गुणस्तरीयता अभिवृद्धि हुने कार्यक्रमहरु
- स्थानीय स्रोत तथा साधनको अधिकतम उपयोग हुने कार्यक्रमहरु
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरु
- विकासको नाममा बजेटलाई भागबन्डा गरी छर्ने भन्दा पनि प्राथमिकताको आधारमा शिघ्र नतिजा हासिल हुने गरी जनतालाई प्रत्यक्ष लाभ हुने नतिजामुखी एवम् परिणाममुखी योंजना
- रोजगारी सिर्जना हुने कार्यक्रमहरु

गाउँपालिकाको दिगो विकासका लागि "**शिक्षा, स्वास्थ्य, कृषि, र रोजगार:खुसी र समृद्ध इस्माको मुख्य आधार**" भन्ने सोचका साथ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनासहित अघि बढ्नु पर्ने महशुस गरी **आवधिक तथा गुरुयोजना** तयार गरिनेछ जसलाई हासिल गर्न निम्न दीर्घकालिन लक्ष्य अवलम्बन गर्ने नीति प्रस्तुत गर्दछु ।

- गाउँपालिका क्षेत्रको समग्र विकासका लागि बृहत एकिकृत गाउंपालिका स्तरीय **मध्यकालिन खर्च संरचना** (MTEF) तयार गर्ने ।
- गाउँपालिका भित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थलहरु पहिचान गरी पर्यटकहरु आकर्षित गर्न **पर्यटकीय** Route निर्माण गर्ने ।
- इस्मा गाउँपालिकामा पर्यटन प्रवर्द्धनका लागि छल्दी जलाधार क्षेत्रमा **जैंढुंगा बी.पी.पार्क** जलाशय निर्माण गर्ने ।
- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण उन्मुख कार्यक्रमहरु ।
- स्थानीय साधन श्रोतमा आधारित उद्योग धन्दा र व्यवसायलाई प्राथमिकता दिदै गाउँपालिका भित्र उद्योग व्यवसाय सञ्चालनका लागि व्यवस्था मिलाउने ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु!**

प्राचिन एवम् ऐतिहासिक महत्व बोकेको हाम्रो इस्मा गाउँपालिकामा विद्यमान समस्या न्यूनीकरण तथा निवारण गरी भविष्यका सम्भावनाहरूका ढोका खोल्नु हाम्रो वर्तमान अपरिहार्यता हो । नेपालका पहाडी भू-भागहरूको अहिले प्रमुख चुनौती बसाईसराई पनि हो । शिक्षा र स्वास्थ्यको पहुँचका लागि मात्र नभई रोजगारको सम्भावनामा समेत बसाई सराई गरिएको देखिन्छ ।

गुल्मी जिल्लाका स्थानीय तहहरू मध्ये बसाइ सराइ दर सबभन्दा न्यून भएको हाम्रो पालिकाको रेकर्ड देखिए तापनि गाउँहरूमा युवा शक्ति कम छ । गाउँमा भएका युवाहरूलाई ज्ञान, अनुभव र सीपका आधारमा रोजगारमा आवद्ध गर्नु पर्छ भन्ने हाम्रो मूल उद्देश्य छ । इस्माका **महिला, अति विपन्न, वञ्चितिकरणमा परेका समुदाय र युवाहरूलाई** स्थायी सेवामा स्थापित गराउनका लागि लोक **सेवा तथा शिक्षक सेवाका तयारी कक्षाहरू** सञ्चालन गरिनेछ र **स्वयं सेवक शिक्षक**का रूपमा पनि परिचालन गरिनेछ । सीपमूलक र निर्माण सम्बन्धी काममा जोडिन चाहने युवा तथा नागरिकहरूलाई **बेरोजगार बैंक** बनाई आलोपालो काममा लगाइनेछ ।

अब म आगामी वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

## आर्थिक विकास

१. कृषि, पशुपंक्षी तथा सिंचाई

१.१ अति विपन्न नागरिकहरूको जीवनस्तर उकास्न तथा इस्माली नागरिकको **भान्सामा स्थानीय उत्पादन** प्रोत्साहित गर्नका निम्ति बेमौसमी तरकारी उत्पादनको तालिम र बिउबिजन प्रदान गरिनेछ।

१.२ कृषक र नागरिकलाई कृषि तथा पशुपालन सम्बन्धी परामर्श एवम् सेवा विकेन्द्रिकृत ढंगले प्रदान गर्ने उद्देश्यले इस्मा गाउँपालिका वडा नं ३ **रामकोटको पशु सेवा केन्द्र र बुल्मको कृषि सेवा केन्द्रद्वारा** गुणस्तरीय सेवा प्रदान गर्न सशक्तिकरण गरिनेछ। कृषि प्राविधिक र पशु प्राविधिकको सेवालाई कार्यालयको कक्षमा कम, जनताको घर दैलोमा बढी खटाइनेछ। उनीहरूलाई मासिक रूपमै कृषि/पशुपंक्षी पालन फर्म/व्यवसायको फिल्डमा खटाइनेछ। **"एक वडा, एक प्राविधिक"** को अवधारणालाई निरन्तरता दिइनेछ।

१.३ कृषकको कृषि उपजलाई संरक्षणमा सघाउ पुर्याउनको लागि जंगली जनावरको आतंकलाई नियन्त्रण सम्बन्धी कार्यक्रम पहल गरिनेछ।

१.४ पालिका भित्र Soil Health And Scheme लागु गरी माटो परीक्षणको आधारमा उत्पादकत्व बढाउन तथा कृषकलाई बाली र उत्पादन सम्बन्धी आवश्यक परामर्श दिने **माटो परीक्षण ल्याब** (Soil Test Lab) को स्थानीयकरण गरी सो सेवा वडा वडामा पुर्याइनेछ।

१.५ गरीब, अति विपन्न, उपेक्षित र वञ्चितिकरणमा परेका/पारिएका समुदायको पहुँच र क्रयशक्ति अनुरुप **सुपथ/पैचो सहकारी पसल** व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ।

१.६ **हरेक घरमा आयुर्वेदिक जडीबुटी** लगाउने गरी बिरूवाको लागि इस्मा गाउँपालिकावडा नं. ५ मा स्थापित जडिबुटी सूचना केन्द्र र आरोग्य केन्द्रसँग समन्वय गरी गाउँपालिकामा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा प्रणालीलाई प्रोत्साहित गरिनेछ।

१.७ **एक घर एक गोठ, सात फलफूलका बोट** सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। कागती लगायत अमिलो जातका फलफूलको व्यवसायिक खेती प्रबर्द्धनलाई निरन्तरता दिइनेछ।

१.८ इस्मा गाउँपालिकाका सम्पूर्ण **कृषकहरुलाई सफ्टवेयर** माध्यमबाट **सूचीकरण** गरिनेछ।

१.९ खाद्यान्न बाली उत्पादन बढाउनका लागि धान तथा मकैको **बिउ बैंक** (Seed Bank) स्थापना गर्ने तथा सोको अनुगमन, निरीक्षण तथा **बिउ वितरणमा** प्रोत्साहन अनुदान दिइनेछ।

१.१० कृषि क्षेत्रलाई प्रोत्साहन गर्न किसानहरुलाई मागका आधारमा प्राविधिक अनुगमन पछि कृषिजन्य सामग्री ५० देखि ७५ प्रतिशत सम्म (मिनी टिलर, चाफ कटर, कर्न सेलर, थ्रेसर, टनेल, Sprayer, प्लास्टिक पोखरी आदि) **अनुदान**मा दिइनेछ । कृषि क्षेत्रलाई प्रोत्साहित र सम्मानित गर्न **उत्कृष्ठ किसान**लाई **सम्मान** गरिनेछ ।

१.११ **अपाङ्गता भएका** व्यक्तिहरुलाई व्यवसायिक मौरीपालन र मह उत्पादनका लागि तालिम सञ्चालन गरी **मौरी घार** समेत वितरण गरिनेछ । उत्पादित **मह बजारीकरणको** लागि प्रोत्साहित गरिनेछ ।

१.१२ इस्मा गाउँपालिकाका स-साना बजार क्षेत्र र घरबाट निस्कने फोहर तथा स्थानीय रूपमा उपलब्ध वनमाराजस्ता सामाग्रीबाट प्राङगारिक मल उत्पादन गर्न पहल गरिनेछ ।

१.१३ आलुको आयात प्रतिस्थापन गर्न वडा नं. २ को **पूर्ण विश्वास सहकारी संस्था**लाई आलुबाली पकेट कार्यक्रममा निरन्तरता दिइनेछ । पकेट क्षेत्रका कृषकहरूको सशक्तिकरणद्वारा उत्पादकत्व वृद्धि गरिनेछ ।

१.१४ कृषि र पशुपालन गरी रहेका इस्माबासी कृषकहरुलाई आपतकालिन रोग र किरा नियन्त्रणमा सहयोग पुर्याइनेछ ।

१.१५ व्यवसायिक **कफि खेती** तर्फ इस्माबासी नागरिकलाई आकर्षित गर्न कम्तिमा ५०० कफिका बोट लगाउन इच्छुक व्यक्ति/फर्म आदिलाई प्रदेश सरकारसँगको सहकार्यमा सहयोग पुर्याइनेछ ।

१.१६ वातावरणीय सौन्दर्यीकरण तथा प्रदुषण नियन्त्रणका लागि इस्मा गाउँपालिकाको प्रवेश स्थल छल्दीपनाह देखि बुल्मसम्मको मदन भण्डारी राजमार्ग खण्डका क्षेत्रहरूमा **हरित सडक** (Green Road) को अवधारणा अनुरुप आँप, लिची, एभोकाडो, भुईकटहर आदि फलफूलका बिरुवाहरु लुम्बिनी प्रदेश सरकारसँगको समन्वयमा रोपिनेछ ।

१.१७ पशुपंक्षीबाट मानिसमा सर्ने महामारी रोग नियन्त्रण तथा रोकथामका लागि आवश्यक व्यवस्थापन गरिनेछ । यसका लागि घरपालुवा तथा भुस्याहा कुकुरहरुलाई **रेबिज खोप** लगाउने एवम् भुस्याहा कुकुरहरुको बन्ध्याकरण गर्ने, पशुपन्क्षी रोगको अन्वेषण, सङ्कलन तथा रिपोर्टिङ्ग गरिनेछ ।

१.१८ पशुहरुका लागि खोप तथा औषधीको व्यवस्था, खोर एवम् गोठ सुधार कार्यक्रम, नश्ल सुधारको माध्यमबाट दुध र मासुको उत्पादन बढाउनको लागि **कृत्रिम गर्भाधान** कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१९ गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन व्यवसायिक, गाई तथा भैंसीपालन गर्ने व्यक्ति/फर्म/समूहलाई **हेरालु** व्यवस्थाका लागि संख्याको **अनुपातमा अनुदान** दिइनेछ । सो सुविधा प्राप्त गर्न न्युनतम **५ वटा दुहुना** जातका गाई/भैसी पालन गर्नु पर्नेछ । गाउँपालिका भित्र **दुधको मूल्यको एकरुपता** कामय गरिनेछ ।

१.२० स्थानीय उत्पादन तथा वस्तुभाउहरु समावेश गरी खसी बोका **पशुपन्छी हाटबजार तथा कृषि प्रर्दशनी** मेला सञ्चालन गरिनेछ । साथै निजि क्षेत्रको साझेदारीमा स्वच्छ, सफा र सुरक्षित मासु उपलब्धताका लागि **बधशाला** स्थापना गरी वातावरणीय सुधारमा जोड दिइनेछ ।

१.२१ माछापोखरी निर्माण लागतको **निश्चित प्रतिशत अनुदान** उपलब्ध गराउनुको साथै माछापालनमा प्राविधिक सहयोग उपलब्ध गराउँदै इस्मा गाउँपालिका वडा नं. १, २, ३ र ५ मा व्यावसायिक **पशुपन्छी वा मत्सयपालन फर्म सञ्चलान**मा ल्याई प्रोत्साहन गरिनेछ ।

१.२२ सिचाँई क्षेत्रका **साना, मझौला** तथा **बृहत सिंचाई** योजनाहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२. उद्योग तथा वाणिज्य

२.१ स्थानीय उत्पादनलाई बढोत्तरी गरी रोजगार सृजनाका लागि दर्लामचौरमा रहेको **औद्योगिक ग्राम**को पूर्वाधार विकास गरिनेछ ।

२.२ गाउँपालिका भित्र **घरेलु तथा कुटिर उद्योग, जुत्ता, ब्याग लगायतका उद्योग**धन्दा स्थापना र सञ्चालन गर्नको लागि लक्षित वर्गका व्यवसायीहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

२.३ लक्षित वर्ग मार्फत **टपरी उद्योग**को प्रवर्द्धन गरी व्यवस्थित रूपमा सञ्चालन गर्न सशक्तिकरण गरिनेछ ।

२.४ **एक वडा एक उद्योगको** अवधारणा अनुरुप इस्माली नागरिकलाई उद्यमसँग जोड्न स्थानीय कच्चा पदार्थको उपयोग द्वारा इस्मा गाउँपालिका वडा नं १ मा कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनका लागि गुणस्तरीय पशुपंक्षीको आहार उत्पादन गर्ने पशुपंक्षी **दाना उद्योग**, वडा नं २ मा **गिठी,बालुवा, ढुङ्गा जस्ता साधारण निर्माणमुखी पदार्थ प्रशोधन गर्ने उद्योग**, वडा नं ३ मा ढुङ्गा, **घाँस र बाँसका सामाग्री सम्बन्धी उद्यम**, वडा नं ४ मा **झोला**, वडा नं ५ मा **डेरी** र वडा नं ६ मा **सेरामिक्स** सम्बन्धी उद्यम/उद्योग सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । उद्योगमा आवश्यक कच्चा पदार्थ खरिदमा प्रोत्साहन गरिनेछ ।

परम्परागत हस्तकलामा आधारित माटोको भाँडा बनाउने (Ceramics) **उद्योग**लाई थप व्यवस्थित गरी गुणस्तरीय उत्पादनमा प्रोत्साहन गरिनेछ । गाउँपालिकाद्वारा आयोजना हुने कार्यक्रमहरूमा अतिथिलाई प्रदान गरिने मायाको चिनो सोही सेरामिक्स उद्योगमा निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

२.५ **सीप सिकौं, उद्यमी बनौं** अभियान अन्तर्गत हरेक वडामा एकल र अति विपन्न महिलालाई सीप प्रदान गरी उद्यमसँग जोडिने छ । उत्पादनको प्रवर्द्धन गरी निर्यातमूलक उद्योगको विकासका सम्भाव्यता अध्ययन गरिनेछ ।

२.६ परम्परागत सीप, स्थानीय कच्चा पदार्थ एवम् **बाँससजन्य** वस्तुद्वारा उत्पादित सामग्री जस्तैः डोका, नाम्ला, दाम्ला, डाला, मान्द्रा, हलो, जुवा लगायत सामग्रीको **निर्माण र बजारीकरणका** लागि गाउँपालिकाद्वारा प्रोत्साहित गरिनेछ ।

२.७ पलाष्टिक माला र फूलमाला आयात प्रतिस्थापन गर्नको लागि **पुस्प खेती** (Floriculture) गर्ने व्यवसायी उद्यमीलाई GI टनेलको व्यवस्था मिलाइनेछ ।

२.८ हाते ट्र्याक्टर (**मिनि टिलर**) र लिफ्टिङ्ग खानेपानीको **मोटर तथा पम्प मर्मत** सम्भार गर्ने तालिम सञ्चालन गरी रोजगार सृजना गरिनेछ ।

२.९ अति विपन्न दलित परिवारका नागरिकलाई आयआर्जन सँग जोड्न परम्परागत आरन सुधार गरी श्रम र लागत घटाएर उत्पादन बढाउन टेवा पुर्याइनेछ।

२.१० अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा २० प्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ।

२.११ रिटेलिङ गाडी र घुम्ती व्यापारीलाई तोकिए बमोजिम दर्ता प्रक्रियामा ल्याइनेछ।

२.१२ इस्मा गाउँपालिकामा कमशल मदिरा(सोफी, टुङ्कुलो) आदि निरुत्साहित गरी **कोदो, तेजपत्ता (सुनकाउली), चौतारी, खन्यु, बिडुला, चिउरी, बेलाउती, किम्मु, आरू, बखडा एवम् अन्य स्थानीय फलफुल आदिबाट तयार हुने घरेलु मदिरा** उत्पादनलाई व्यवस्थित गरिनेछ। गरीब, अति विपन्न, दलित, जनजाति, वञ्चितिकरणमा परेको समुदायका नागरिक तथा एकल महिला आदिलाई घरेलु मदिरा उत्पादनसँग जोडेर आय आर्जनद्वारा उनीहरूको जीवनस्तरमा सुधार ल्याइनेछ।

**३. पर्यटन तथा संस्कृति प्रबर्द्धन**

**३.१ आर्थिक वर्ष २०८१/०८२ लाई पर्यटन वर्षका** रूपमा मनाउन इस्मा भित्रका धार्मिक, ऐतिहासिक, साँस्कृतिक र आकर्षक स्थलहरुलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ। ऐतिहासिक तथा धार्मिक महत्व बोकेका इस्माकोट दरबार सहित भैरव मन्दिर, माइकास्थान मनकामना मन्दिर, सिद्धेश्वर मन्दिर, उल्का जुलेडाँडा मन्दिर, खजुरे छत्रदेवीकोट, भिर्लेमेला मन्दिर, जैढुङ्गा **बी.पी. पार्क** तथा जलाशय, गायत्री शक्तीपिठ, जालपादेवी मन्दिर, देउराली गुफा इस्मा १, देउराली पर्यटन क्षेत्र इस्मा ४, अमरपुरकोट, उजुङ्कोट, रामकोट, थामकागढी लगायतका क्षेत्रहरुलाई गाउँपालिका भित्रका **पर्यटकीय स्थलमा सूचीकरण** गरिनेछ।

आन्तरिक तथा बाह्य पर्यटकलाई समेत आकर्षित गर्न **इस्माकोट** वरिपरिको स्थलमा आवश्यक संरचना निर्माण गरिनेछ। साथै **छल्दीखोलाको जोइढुङ्गामा खेलमैदान, पार्क र पौडी स्थल सहितको पिकनिक एवम् मनोरञ्जन स्थल**को निर्माण गरिनेछ। स्थानीय मठमन्दिर र मौलिक कलासंस्कृतिको संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

**३.२** सार्वजनिक जग्गा अतिक्रमण रोक्न इस्मा गाउँपालिका भित्रका सडक छेउछाउ, छल्दीखोला लगायतका खोलाको वारिपारि, मठ मन्दिर लगायत अन्यत्र स्थलका **सार्वजनिक जग्गा र सम्पत्ती** संरक्षणका निम्ति विशेष कदम चालिनेछ।

**३.३** सबै समुदायको भाषा, सँस्कृतिको संरक्षण, कलाको विकास र विशेष गरी अल्पसंख्यक नागरिकहरुको संस्कृतिको संरक्षण र उत्थान गरिनेछ। इस्मा गाउँपालिकाका **गन्धर्व** जातिको **सारङ्गी** बजाउने पेशालाई **सीप हस्तान्तरण** कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ।

**३.४** परम्परागत नाच, भैलो , देउसी, तीज गीत, सराय, माघी पर्व, पञ्चेबाजा, मुर्चुङ्गा, सोरठी, भजन किर्तन र **लोक संस्कृतिको सम्बर्द्धन र प्रबर्द्धन** गरिनेछ। पञ्चेबाजा संरक्षणमा वडा नं ४ गरीब तथा अति विपन्न जनजातिलाई प्रोत्साहित गरिनेछ।

४. सहकारी

४.१ गाउँपालिका अन्तर्गत सञ्चालित सहकारी संस्थाहरुको आर्थिक पारदर्शिता र दिगोपनाको लागि सफ्टवेयरद्वारा उचित व्यवस्थापन, नियमन तथा सञ्चालन गर्न **अध्यक्ष र व्यवस्थापकहरूलाई** PPMO तालिमको व्यवस्था मिलाइनेछ।

४.२ परम्परागत घरेलु तथा लघु उद्यमहरुको विकास गर्न सहकारी मार्फत प्रयोग गरी युवाहरुमा उद्यमशीलता विकास गर्नका निम्ति सहकारीको पहुँच र **रासायनिक मल वितरणलाई टोल-टोलमा** विस्तार गर्ने व्यवस्था गरिनेछ।

४.३ गाउँपालिका भित्र रहेका सहकारीहरुको **Reporting/Monitoring** लाई सबलीकरण गर्दै मासिक रुपमा विवरण बुझाउनु पर्ने व्यवस्था गरिनेछ।

४.४ वित्तीय संघ संस्थाहरुलाई दर्ता प्रक्रियामा ल्याई सामाजिक जवाफदेहिताप्रति अग्रसर बनाइनेछ।

४.५ उपभोक्ता **संरक्षण र बजार** व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## सामाजिक विकास

५. शिक्षा

५.१ इस्मा गाउँपालिका भित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि शैक्षिक वर्ष २०८० लाई **अनुगमन वर्ष**को रुपमा अघि बढाइनेछ। शिक्षा शाखाद्वारा हरेक **विद्यालयमा मासिक अनुगमन** तालिका तयार गरी अनुगमन गरिनेछ। सबै वडामा **अगुवा विद्यालय** ( Lead School ) छनोट गरी उक्त विद्यालयको व्यवस्थापन समिति र प्रशासनलाई फिडर विद्यालयहरूको अनुगमनमा प्रोत्साहित गरी शैक्षिक सुधारतर्फ अग्रसर गराइनेछ।

५.२ **पढ्दै कमाउँदै** कार्यक्रमको आरम्भका लागि विभिन्न कारणले विद्यालयहरूमा खाली रहेका भवनहरूमा **च्याउ खेती** गरिनेछ। साथै हिमालय मा. वि. हस्तिचौरमा कृषि विषय अध्ययन गरी रहेका विद्यार्थीहरूले तयार पारेका कृषि उत्पादन र सामाग्रीहरूको **खरिद तथा बजारीकरणको** व्यवस्था मिलाई प्राप्त रकम संलग्न विद्यार्थीलाई हस्तान्तरण गरिनेछ।

५.३ **प्राविधिक शिक्षा** अध्ययनमा विद्यार्थीहरूलाई प्रोत्साहित गर्नका निम्ति हिमालय माध्यमिक विद्यालयबाट कृषि अध्ययन पूरा गरेका १ जना विद्यार्थीलाई उत्कृष्ट क्रमको आधारमा **कृषि प्राविधिकको रुपमा करार नियुक्ति**लाई निरन्तरता दिई वस्तीस्तरका कृषक तालिममा खटाइनेछ।

हिमालय मा.वि. मा अध्ययनरत **कृषि प्राविधिक विद्यार्थी**हरूलाई O.J.T. का लागि इस्मा गाउँपालिकाका कृषि फर्म/पशुपंक्षी फर्म/नर्सरी र व्यवसायिक कृषक कहाँ पठाइनेछ।

५.४ शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका निम्ति कम्प्युटर सम्बन्धी तालिम प्रदान गरिनेछ। शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि बालमैत्री शिक्षण सिकाई तालिम संचालन गरिनेछ।

५.५ बालविकास कक्षामा **मन्टेस्वरी विधिद्वारा** बालमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ।

५.६ सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा पुर्याउने, विद्यालय व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गरिने र **विद्युतीय हाजिरी** व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा लागु गरिनेछ।

५.७ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न भूगोल, विद्यार्थी संख्या आदिको आधारमा **कक्षा, तह** वा **विद्यालय समायोजन** तथा **दरबन्दी मिलान** गर्ने नीति अवलम्बन गरिनेछ।

५.८ शैक्षिक सुधार र विकासका लागि विद्यालयहरूमा असल तथा गुणात्मक नेतृत्व आवश्यक पर्ने भएकोले **खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति**लाई अघि बढाइनेछ। प्रधानाध्यापकहरू गाउँपालिकाले आयोजना गरेको बैठकमा आउँदा **यातायात खर्च**को व्यवस्था मिलाइनेछ।

५.९ कामको गुण र दोषका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ। पेशाप्रति निष्ठावान भई पदीय दायित्व कुशलतापूर्वक निर्वाह गर्ने शिक्षकहरु मध्येबाट सुचकका आधारमा **उत्कृष्ट शिक्षकलाई प्रंशसित गरिनेछ।** सेवा सन्तोषजनक नभएका र कार्यसम्पादनमा नियमित नदेखिएका शिक्षकलाई इस्मा गाउँपालिकाको भित्र सरूवा गरिनेछ।

५.१०विद्यार्थीलाई सिर्जनशीलता र नवप्रवर्तन तर्फ डोर्याउनका निम्ति शिक्षकले विद्यार्थीहरूलाई **मासिक** रुपमा एउटा सिर्जनशील **शैक्षिक सामग्री निर्माण** गराउनु पर्नेछ।

५.११**"आजका विद्यार्थीहरू नै भोलीका कर्णधार हुन्।"** असल, ईमान्दार र राष्ट्रप्रति समर्पित नागरिक तयार गर्न मा वि तहका **विद्यार्थीको उत्प्रेरणा कक्षा** (motivational class ) सञ्चालन गरिनेछ।

५.१२ विद्यालय सुधारका असल अभ्यासहरू **साटासाट** गर्न विद्यालय व्यवस्थापन समितिको **अध्यक्ष र प्रधानाध्यापक**हरूको अन्तर विद्यालय **अवलोकन/अनुगमनकार्य**को थालनी गरिनेछ।

**५.१३ कक्षा८, कक्षा १० र कक्षा १२ को अन्तिम परीक्षामा उत्कृष्ठ अंक ल्याउने १/ १ जना विद्यार्थीलाई प्रंशसित गरिनेछ।**

५.१४ इस्मा गाउँपालिकाका विद्यालयमा लामो समयदेखि विद्यमान शिक्षक छनोट विधि विद्यालयहरूका लागि खर्चिलो तथा झन्झटिलोका अतिरिक्त विद्यार्थीहरूको पठनपाठन समेतमा बाधा पुगेको देखिएकोले खुला प्रतिस्पर्धाद्वारा **शिक्षक बैंक** स्थापना गरी बरियताको रोल क्रम अनुसार रिक्त रहेका ठाउँमा नियुक्त गरिनेछ।

५.१५ स्थायी अध्यापन अनुमति पत्र (लाइसन्स) प्राप्त **विज्ञान र गणित** विषयका शिक्षकहरू पाउन कठिन भएकोले विद्यालयहरुमा ती विषयका शिक्षक पदपूर्तिको समस्या हुदाँ विद्यार्थीहरूको पठनपाठन धेरै समय अवरूद्ध हुने गरेकोले विज्ञान र गणित विषयको हकमा **स्थायी अध्यापन अनुमति पत्र (लाइसन्स)** नभए पनि अध्यापन गर्न पाउने व्यवस्था मिलाइनेछ।

५.१६ गुल्मी जिल्ला अन्तर्गतका क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने इस्मा गाउँपालिकाका गरीब तथा अति विपन्न विद्यार्थीका लागि नदोहोरीने गरी **छात्रवृत्ति** उपलब्ध गराइनेछ।

५.१७ अभिभावकविहिन तथा सिकाई अवसरबाट वञ्चित १४ वर्ष मुनिका बालबालिकाहरुका लागि गायत्री आश्रममा बालबालिका पुनःस्थापना केन्द्रको व्यवस्था गरिनेछ। कक्षा १ देखि ३ सम्म तोकिएको पाठ्यक्रम सहित **नैतिक संस्कार सहितको शिक्षा** उपलब्ध गराउन गरी **गायत्री शक्तिपिठ** इस्मा-१, हस्तिचौरमा सिकाई कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

५.१८ सामुदायिक विद्यालयमा कार्यरत **शिक्षक प्रसुति बिदा**मा बसेको वा १५ दिन भन्दा बढि समय तालिममा रहँदाको अवस्थामा विद्यालयमा सिकाई सहजीकरण निरन्तरताका लागि **स्वयंसेवक शिक्षकको बैंक** स्थापना गरी स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५.१९ शिक्षा ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै **स्थानीय पाठ्यक्रम** निर्माण गरी लागु गरिनेछ।

५.२० विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने **उत्कृष्ट विद्यालय व्यवस्थापन समिति**लाई प्रशंसित गरिनेछ।

५.२१ विद्यालयमा स्वच्छ वातावरणका लागि **"रुख रोपौं, वातावरण जोगाऔं "**भन्ने नाराका साथ यथेष्ट कम्पाउण्ड उपलब्ध विद्यालयमा **करेसाबारी तथा फुलबारी** तयार गर्न लगाइनेछ।

५.२२ प्राविधिक तथा व्यवसायिक शिक्षालाई (कृषि, पशु, ओभरसियर, ल्याब, अमिन) प्राथमिकता दिदै **एक/एक** जनाको दरले **विपन्न** तथा **जेहेन्दार** विद्यार्थीलाई **प्राविधिक** विद्यालयमा अध्ययन गरेबापत **छात्रवृत्ति** प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५.२३ निःशुल्क शिक्षा कार्यान्वयन क्रममा कक्षा **११** र **१२** मा पढ्ने विद्यार्थीहरुलाई **मासिक शुल्क छुट** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५.२४ इस्मा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई **निःशुल्क परीक्षा** लिने व्यवस्था गरिनेछ।

५.२५ पालिकाभित्र **प्रतिभा पहिचान** (Talent Hunt) कार्यक्रमद्वारा क्षमतावान कुशल नागरिकहरुलाई दक्ष र योग्य बनाउनको लागि लगानी गरिनेछ। इस्मा लोकतारा लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५.२६ इस्मा गाउँपालिकाका आधारभूत विद्यालयलाई **प्रविधिमैत्री** बनाउन कम्प्युटर, प्रिन्टर र इन्टरनेट जडान गरिनेछ।

५.२७ विद्यार्थीहरूका समस्या र शैक्षिक सुधार सम्बन्धी सुझाव सङ्कलन गर्न **विद्यार्थीसँग पालिका** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५.२८ इस्मा गाउँपालिका भित्ररहेका सम्पूर्ण विद्यालयहरुमा कार्यरत **स्थानीय श्रोतमा रहेका शिक्षकहरूको प्रोत्साहन**लाई निरन्तरता दिइनेछ ।

५.२९ **बालबालिकाहरुलाई विद्यालय पठाऔं र पढाइमा लगाऔं** कार्यक्रम लागु गरी अभिभावक साक्षरता र सचेतना कार्यक्रम लागु गरिनेछ ।

५.३० आधारभूत तहमा गाउँपालिका गौरव, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्वर्द्धन, नागरिक कर्तव्यसहितको सीमामा रही **स्थानीय पाठ्यक्रम लेखन** कार्य गरिनेछ ।

५.३१ बालबालिका केन्द्रको स्तरोन्नतिका लागि समुदाय, विद्यालय तथा गाउँपालिकाबीच साझेदारी कार्यक्रम लागु गरिने छ ।

५.३२ बालमैत्री शिक्षण सिकाइका लागि अभिभावक शिक्षा कार्यक्रमसँगै शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीहरुबीच अन्तरक्रिया तथा सिकाई कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३४ विभिन्न कारणले विद्यालय जानबाट वञ्चित रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई **उडान कक्षा** सञ्चालन गरी **विद्यालय बाहिरका बालबालिका रहित** गाउँपालिका घोषणा गरी शिक्षाको पहुँच विस्तार गरिनेछ ।

## ६. स्वास्थ्य

६.१ इस्माबासीको स्वास्थ्यमा सुधार गरी **"स्वास्थ्य जीवनको पूर्वाधार; खुसी इस्मालीको मूल आधार"** लाई प्राथमिकतामा राखी लक्षित वर्ग स्वास्थ्य अवस्थामा सुधार ल्याउने कार्यक्रम अघि बढाइनेछ ।स्वास्थ्य संस्थामा आवश्यक स्वास्थ्य सामाग्री व्यवस्था गर्दै नसर्ने रोग, मुटु, आँखा, महिला रोग, जस्ता दीर्घ रोगीहरुको अवस्था सुधार तथा उपचारका लागि **निःशुल्क स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ ।

६.२ स्वास्थ्यकर्मीको पेशागत तथा प्राविधिक क्षमतामा अभिवृद्धि गरिनेछ । **बिरामीहरुको डिजिटल अभिलेखीकरण**का लागि सफ्टवेयर (Software) को प्रयोग गरी बिरामी प्रोफाइल तयार गरी स्वास्थ्य सेवा विस्तार र विवरणलाई डिजिटाइजेशन गर्दै प्रविधि उपयोग गरिनेछ ।

६.३ पाँच वर्ष मुनिका बालबालिका, ८० वर्षमाथिका जेष्ठ नागरिक र गर्भवती महिलाहरुका लागि स्वास्थ्यकर्मीको सिफारिसमा इस्मा गाउँपालिका भित्रका **प्रयोगशाला परीक्षणमा निःशुल्क** उपलब्ध गराइनेछ । आमा र बच्चाको मृत्युदर न्यूनीकरणका लागि **गर्भवती/सुत्केरी विपद् कोष** सञ्चालन गरिनेछ । गाउँपालिका भित्रका प्रयोगशालाहरुलाई व्यवस्थित गराउन प्रोत्साहन गरिनेछ । महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, आइरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ ।

६.४ इस्माली नागरिकहरूको सुलभ स्वास्थ्यपोचारका निम्ति **स्वास्थ्य बिमाको** क्षेत्र फराकिलो गर्दै लगिनेछ ।विपदमा परेका तथा जटिल रोगीहरुको उपचारका लागि आवश्यक मापदण्डमा आधारमा सहयोग उपलब्ध गराइनेछ ।

६.५ तोकिएका आधारहरु पूरा गरी आ.व.२०७९/०८० मा इस्मा गाउँपालिकामा **जिरो होम डेलिभरी**(Zero Home Delivery) घोषणा गर्न बाँकी रहेका वडा **पूर्ण संस्थागत प्रसुती वडा घोषणा** गरी गाउँपालिकालाई **पूर्ण संस्थागत प्रसुति** गाउँपालिका घोषणा गरिनेछ ।

६.६ पछिल्लो समयमा महामारीको रुपमा देखिएको कोभिड-१९ को विरुद्धमा संचालन गरिएको खोप कार्यक्रमलाई हरेक जनताको पहुँचमा पुर्याई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै **पूर्ण कोभिड खोप** कार्यक्रम सार्थक रुपमा घोषणा गरिनेछ ।

६.७ इस्मा गाउँपालिकामा रहेका **गाउँघर क्लिनिकमा आवश्यक न्यूनतम सामग्री तथा मर्मतको व्यवस्था** गरिनेछ । वडा नं.१ को **मथारेमा गाउँघर क्लिनिक** र वडा नं. २ को **पालुखा मा.वि.को पुरानो भवनमा सामुदायिक स्वास्थ्य इकाई** स्थापना गरी स्वास्थ्य सेवा विस्तार गरिनेछ ।

६.८ आँखा शिविर संचालन गरी **मोतियाबिन्दु रोगको निःशुल्क अप्रेशन**को व्यवस्था मिलाइनेछ । साथै विद्यालय विद्यालयहरुमा पुगेर विद्यार्थीहरुको निःशुल्क आँखा जाँच गरिनेछ । क्षयरोगको गाउँ/टोलमा खोजपड्ताल तथा क्षयरोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६.९ असी वर्ष माथिका ज्येष्ठ नागरिकलाई **घरघरमा स्वास्थ्य परीक्षण** गरिनेछ तथा अन्य जेष्ठ नागरिकलाई **टोलटोलमा स्वास्थ्य परीक्षण** तथा आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६.१० विकास साझेदार संघ संस्थाको साझेदारीमा **एच.आई.भी. संक्रमितहरुलाई रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता विकास** गर्नका लागि विश्व एड्स दिवसको दिन पोषण तथा खाद्य सामग्री वितरण गरिनेछ ।

६.११ बर्थिङ्ग सेन्टरहरुलाई थप व्यवस्थित गरी सुत्केरी हुनको लागि नजिकको बर्थिङ्ग सेन्टरसम्म आउने जाने महिलाहरुलाई **निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । गर्भवती र सुत्केरी महिलाहरुलाई **निःशुल्क आइरन चक्की, क्याल्सियम** र Follic Acid उपलब्ध गराइने छ ।

६.१२ **स्वास्थ्य सेवाको विस्तारः पालिकाको जिम्मेवारी** भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्दै सम्पूर्ण सेवालाई घरदैलोमा पुर्याईनेछ । स्वास्थ्य अन्तर्गतका सेवाहरु Tole To Tole रुपमा विस्तार गरिनेछ । स्वास्थ्य संस्थामा हाल भएको जनशक्तिको **दरबन्दी** पुनरावलोकन गरी वैज्ञानिक आधारमा **परिमार्जन** गरिनेछ । मासिक रुपमा प्रत्येक **वडामा चिकित्सकको** व्यवस्थासहित नियमित स्वास्थ्य परीक्षण गरिनेछ । स्वस्थ्य नागरिक बनाउनका लागि डाक्टर सहितको नियमित **घुम्ती शिविर** सञ्चलान गरिनेछ । शिक्षण संस्थाहरुसँग समन्वय गरी बालबालिकाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न **घुम्ति नर्स** कार्यक्रम लागु गरिनेछ । चिकित्सकसँग अनलाईनबाट परामर्श सेवाका लागि Telemedicine संयन्त्र लागु गरिनेछ ।

६.१३ स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन नागरिकको घरदैलोमा स्वास्थ्य पहुँच पुर्याउन महिला स्वास्थ्य स्वयमसेविकालाई परिचालन गरिने छ। गाउँपालिका भित्रका महिला समुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहनलाई निरन्तरता दिइनेछ। महिला स्वास्थ्य स्वयम सेविकाहरुसँग रहेको अक्षय कोष स्थापनाका लागि अध्ययन प्रक्रिया अगाडी बढाइने छ। स्वयम सेविकाको आत्म सम्मानलाई ध्यान दिई क्षमता विकास तालिम कार्यक्रममा जोड दिइनेछ।

६.१४ निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा **मेरो स्वास्थ्यः मेरो जिम्मेवारी** सचेतनामूलक कार्यक्रम लागु गरी नागरिकको पोषणयुक्त खानाको उपभोगमा जोड दिइनेछ। समुदायमा आधारित स्वास्थ्य स्वयमसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी आत्महत्या न्युनिकरणसम्बन्धी सकरात्मक सोचसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ। सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानिकारक वस्तुको किनबेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिने छ। वडा स्वास्थ्य चौकी कार्यक्रममा विद्यालयमा अखाद्य पदार्थहरहित प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा **योग अभ्यास र पञ्चकर्म** निर्माण कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। निजी औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुको कानूनी व्यवस्था गरी सञ्चालन **अनुमति, नविकरण, सहजीकरण** र नियमन गरिनेछ।

६.१५ लैंगिक हिंसामा परेका, बेवारिसे ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरुलाई आपत्कालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी तथा सरकारी क्षेत्रका पुर्नस्थापना केन्द्र सँग सहकार्य गरिनेछ।लैङ्गिक हिंसा र यौन हिंसामा परेका महिला तथा बालबालिका लागि OCMC सेवाका लागि जिल्ला अस्पतालसम्म पुर्याउनको लागि **लैंगिक हिंसा निवारण कोष** मार्फत सहयोग गरिनेछ।

६.१६ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोरकिशोरी, अपांग तथा ज्येष्ठ नागरिक मैत्री बनाइनुका साथै नागरिकहरुको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरुमा जोड दिइने छ। अपांगता भएका व्यक्तिको लागि सहयोगी, उपचार व्यवस्था तथा सहयोगी सामग्री व्यवस्था गरी सबै स्वास्थ्य संस्थालाई अपाङ्गता मैत्री बनाउँदै लगिने छ। गरीब, अति विपन्न, सीमान्तकृत दलित, महिला बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपांगतामा भएका दीर्घ रोगीहरुलाई स्वास्थ्यमा पहुँच स्थापित गरिनेछ।

६.१७ सुरक्षित र संक्रमणमुक्त बच्न महिनावारीका लागि **सबै उमेर समूहका महिलाहरुलाई निःशुल्क सेनिटरी प्याड** उपलब्ध गराइनेछ। सुपोषित समाज निर्माणको आधार, सुनौलो हजार दिनको पोषणका लागि स्थानीय सरकार कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका आमा र बच्चाको अवस्थामा सुधार ल्याउनका लागि **पोषिलो झोला** कार्यक्रम मार्फत सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ।

**७. खानेपानी तथा सरसफाई**

७.१ आर्थिक वर्ष २०८०/०८१ लाई **खानेपानी तथा सरसफाइ वर्षका** रूपमा मनाइनेछ। स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड र योजना निर्माण गरी सोको कार्यान्वयन र नियमन गरिनेछ। खानेपानी महशुल दर निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गरिनेछ।

७.२ गाउँपालिका भित्रका सबै लिफ्टिङ खानेपानीको सञ्चालन खर्चमा टेवा पुर्याउन विद्युत महसुलमा सहयोग गरिनेछ। विद्यालयको तहअनुसार तोकिएको यूनिट खानेपानी समितिद्वारा निःशुल्क खानेपानी सुविधा दिने व्यवस्था मिलाइनेछ।

७.३ निस्ती बृहत खानेपानीको मर्मत सम्भार र शुद्धिकरण समेत गरी दर्लामचौर, दोहली र रजस्थलमा पिउनेपानी सम्बन्धी समस्या समाधान गरिनेछ। गाउँपलिकामा २६३७ घरधुरीमा सञ्चालित एक घर एक धारा कार्यक्रम अन्तर्गत ५००९ घरधुरी थप गरिनेछ।

७.४ वातावरणीय प्रदुषण नियन्त्रण (जल/वायु/ध्वनि/भुमि/खाद्य) नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

**८. युवा, खेलकुद तथा मनोरञ्जन**

८.१ गाउँपालिकास्तरीय **इस्मा खेलकुद विकास समिति** स्थापना गरी क्रियाशिल बनाइनेछ।

८.२ युवा क्लबहरुलाई दर्ता तथा नवीकरण प्रक्रियामा ल्याई मागको आधारमा आवश्यक खेलकुद सामग्री उपलब्ध गराइनेछ। साथै युवाहरुलाई खेल तथा सामाजिक अभियान कार्यक्रममा सहभागी गराइनेछ। **युवा संसद (Youth Parliament)**को अभ्यास लगायतका कार्यक्रममार्फत् युवा सञ्जाल तथा क्लबमा आवद्ध युवाहरू को नेतृत्व विकासमा जोड दिइनुका साथै युवा प्रतिभा प्रदर्शनका अवसर प्रदान गरिनेछ।

८.३ **राष्ट्रका लागि युवा, युवाका लागि खेलकुद** भन्ने अभियान अन्तर्गत हरेक वडामा युवा, बालबालिकाको स्वास्थ्य एवम् बहुआयमिक विकासका निम्ति खेलमैदान बनाइनेछ। जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुदमा संलग्न स्थानीय खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ। प्रतिस्पर्धाको माध्यमबाट उनीहरूमा खेलको सीप निखार्न विभिन्न खेलकुद समावेश गरी इस्मा कप सञ्चालन गरिनेछ।

८.४ युवाहरुलाई दुर्व्यसनी र कुलतबाट मुक्त गर्न नेपाल प्रहरी र अन्य संघ संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ। उनीहरूलाई साइबर क्राइम बारे अभिमुखीकरण पनि गरिनेछ।

८.५ विकास र विपदमा युवा परिचालनको नीति अवलम्बन गरिनेछ। बेरोजगार युवाहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरुको सीप र ज्ञानका आधारमा उद्यम/रोजगारको**"रोजौं आफ्नो माटो, छोडौं विदेशको बाटो"**अभियान अन्तर्गत विदेशिनबाट निरुत्साहित गरी स्वदेशमै सेवा गर्न प्रोत्साहित गरिनेछ। युवामा स्वयंसेवी भावना बढाउन,सामाजिक जिम्मेवारी बोध गराउन तथा सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम निर्माण गरी सञ्चालन गरिनेछ।

८.६ विदेशबाट फर्केर इस्मामा उद्यम/व्यवसाय/रोजगार गर्न चाहने युवाहरुलाई प्राथमिकता दिइनेछ । उनीहरुले विदेशबाट आर्जित सीपमा इस्मामा व्यवसाय सञ्चालन गर्दा दर्ता रकम पूर्ण छुट तथा आवश्यक व्यवसायिक/उद्यम विकास तालिम वा प्रोत्साहन दिइनेछ ।

## ९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९.१ जेष्ठ नागरिकको सम्मान गर्दै जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभव हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । सत्तरी वर्षमाथिका मधुमेह, उच्च रक्तचापका रोगीहरुलाई **निःशुल्क औषधी** वितरण गरिनेछ ।

९.२ लैङ्गिक हिंसा र जातीय विभेद विरुद्धका अभियानलाई प्रभावकारी ढंगले अघि बढाइनेछ । लैंङ्गिक हिंसा, शोषण, मानव बेचबिखन, विभेद यौन दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै **महिला उत्थान कार्यक्रम** सञ्चालनका लागि पहल गरिनेछ । हिंसा, सामाजिक विभेद, द्वन्द्व पीडित र दुर्व्यवहारमा परेका महिलाहरुलाई तत्काल उद्दार गरीराहत, आर्थिक सहयोग, उपचार, पुनर्स्थापना, कानुनी सहायता, मनोविमर्श तथा मनोवैज्ञानिक उपचार जस्ता कार्यका लागि आ.व.२०७९/०८० देखि **लैङ्गिक हिंसा निवारण कोष**लाई निरन्तरता दिइनेछ ।

९.३ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (CEOA) र संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न महिला तथा बालबालिकाका लागि संरक्षण नीति कार्यान्वयन गरिनेछ ।

९.४ परापूर्व कालदेखि नै होच्याउने खालको नामाङ्करण गरिएका **दलित बस्तीहरू**का नाम बदली नया सम्मानजनक नामाकरण गरिनेछ । सामुदायिक संस्था वा अन्य संस्था परिचालन गरी पालिका भित्र भएका जातीय छुवाछुत, बालश्रम, बालविवाह, बहु विवाह, दाइजो, बोक्सी, छोरा र छोरीमा विभेद जस्ता गलत प्रथा एवम् अभ्यासहरुको अन्त्य गर्नका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । घरेलु हिंसा अन्त्यका लागि टोल विकास संस्था मार्फत बहस पैरवी तथा चेतनामुलक अभियान सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । समग्रमा **सामाजिक विभेदको न्यूनीकरण**का लागि टोल विकास संस्था मार्फत सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९.५ जाँड र रक्सी समेतका **मादक पदार्थ सेवन नगर्ने** दलित र जनजाति समुदायका परिवारहरू सामाजिक सर्भेद्वारा पहिचान गरी त्यस्ता परिवारका बालबालिकालाई शैक्षिक साम्रगी नि:शुल्क प्रदान गरिनेछ ।

९.६ इस्मा गाउँपालिकामा बसोबास गर्ने सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले अति विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि व्यवस्था गरिनेछ । लक्षित वर्गको लागि कम्तिमा १५ प्रतिशत छुट्टाई कार्यान्वयन गरिनेछ । गरीब, अति विपन्न तथा वञ्चितिकरणमा परेका, पारिएका दलित, जनजाति, कुमाल समुदायका महिलाहरुलाई आयआर्जनमा वृद्धिको

लागि स्थानीय सामग्री प्रयोग गरी सीप विकास तालिम प्रदान गरिनेछ। आदिवासी जनजाति समुदायका संस्कृतिको संरक्षण गरिनेछ। उक्त समुदायमा विद्यमान सामाजिक कुरीतिहरु निवारण/न्यूनीकरण गरिनेछ।

**दलित तथा कुमाल परिवारका बुहारीलाई** उच्च शिक्षा (स्नातक) पढाउने परिवारका घरमूलीलाई राष्ट्रिय दिवसको अवसर पारेर सम्मान गरिनेछ।

९.७ किशोरीहरुको क्षमता अभिवृद्धि गर्न **किशोरी यौन शिक्षा /कानूनी साक्षरता तथा बालविवाह** निरुत्साहित कार्यक्रम सञ्चालन गरिनेछ। अनाथ तथा अभिभावकविहिन बालबालिकाका लागि संरक्षण नीति अवलम्बन गरिनेछ। सबै मा.वि. मा बाल क्लब गठन गरी वडा/पालिका स्तरीय बाल संजाल गठन गरिनेछ। मा. वि. तहका अनाथ, असहाय, अपाङ्गता र अति विपन्न बालबालिकालाई छात्रवृत्ति प्रदान गरिनेछ। गाउँपालिका भित्र निर्माण हुने संरचनालाई **बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री तथा जेष्ठ नागरिक मैत्री** बनाइनेछ। बालबालिकाको सर्वाङ्गिण विकासका निम्ति प्रत्येक बालबालिकाहरुसँग सम्वाद र अन्तरक्रिया माध्यमबाट उनिहरुलाई सिर्जनशील र असल व्यवहार प्रति प्ररित गर्न वडा र पालिकामा **अर्धवार्षिक बाल भेला** आयोजना गरिनेछ।

९.८ इस्मा गाँउपालिकालाई **लैंगिक हिंसा मुक्त** गाउँपालिका निर्माणका लागि रणनीति निर्माण गरिनेछ।गाउँ कार्यपालिकाको कार्यालमा **लैंगिक डेक्स**को स्थापना गरी **फोकल पर्सन** तोकेर कार्यान्वयनमा ल्याइनेछ। स्थानीय तहले कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको प्रतिनिधित्व समावेशीकरण हुने गरी रणनीति लिइनेछ।
जनप्रतिनिधि र कर्मचारीका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

९.९ इस्मा गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारिण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेका समुदायको अवस्था विश्लेषणको आधारमा लक्षित वर्गको फाइदा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ। जसअन्तर्गत महिला तथा लक्षित वर्गको क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास, क्षमता विकास र भाषण कला तालिमको सञ्चालन गरिनेछ। स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमको अनुगमन, विश्लेषण मूल्याङ्कन गर्दा लै.स.सा.स.को विकास हुने कार्यक्रम सञ्चालन गरिनेछ। समानुपातिक सहभागिता अन्तर्गत स्थानीय तहबाट गठन हुने समिति उप समितिहरु कार्यदल गठन गर्दा पूर्णरुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरी निर्णय प्रक्रियामा सहभागी गराइनेछ। इस्मा गाउँपालिकाले नीति, कानुन र योजना जारी गर्नुभन्दा अगाडि लैससासको दृष्टिकोणले भए/नभएको विश्लेषण गरिनेछ। यस स्थानीय तहका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी बजेट तथा **लै.स.सा.स.** बजेट निर्माण गरी **नियमित परीक्षण** गरिनेछ। **लैङ्गिक समानता तथा समाजिक समावेसशीकरण परीक्षणका** लागि **बजेट**को व्यवस्था गरिनेछ। सरकारको निर्णायक तहमा महिला र पुरुषाको ५०/५० प्रतिशत महिला तथा वञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिएका नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन गरिनेछ। लैंगिक समानता तथा सामाजिक समावेशीकरण विकासका लागि विभिन्न सरोकारवाला निकायहरुबीच क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

९.१० मानवबेचबिखन विरुद्वको दिवस, राष्ट्रिय बाल अधिकार दिवस, महिला अधिकार दिवस, अपाङ्गता दिवस, एड्स दिवस, किशोरी दिवस, अन्तर्राष्ट्रिय सामाजिक लैङ्गिक हिंसा विरुद्वको १६ दिने अभियान, सामुदायिक स्वास्थ्य

स्वयंसेविका दिवस, अन्तर्राष्ट्रिय महिला दिवस लगायतका महत्वपूर्ण दिवसहरु प्रभावकारी रुपमा संचालन गरिनेछ। सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको दिन **उत्कृष्ट सामुदायिक स्वास्थ्य स्वयंसेविका**लाई सम्मान गरिनेछ। महिला मैत्री समान कामका लागि समान ज्यालाको सुनिश्चितता गरिनेछ। **जलवायु परिवर्तनले महिलाहरुमा पारेको असर** तथा प्रभावलाई न्यूनीकरणका लागि सचेतना कार्यक्रम गरिनेछ। **साथै जलवायु परीवर्तनले कृषक** लगायत अन्य पक्षहरूमा पारेको **असर** बारे पनि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९.११ **पचपन्न वर्ष माथिका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता** कार्यक्रमको निरन्तरता दिइनेछ। ५५ वर्ष माथिका अविवाहित एकल महिलाहरुलाई समेत सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिनेछ।

९.१२ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक समाग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ। **'क' वर्गको अपाङ्ग परिचय पत्र** घरमै गएर वितरण गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको भेला गरी अवस्था निर्क्योल पश्चात् अपाङ्गता परिचय पत्र वितरण गरिनेछ।

९.१३ आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय ,सिमान्तकृत, कुमाल, द्वन्द्वपीडित समुदायको सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९.१४ दिगो विकासका लक्ष्यलाई हासिल गर्न **दिगो विकास लक्ष्य नं. ५** लाई केन्द्रित गरी बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ। **संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२०** सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। **संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धी, १९८९** मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रम अगाडि बढाइनेछ। **बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिबद्धता**बारे अभिमुखीकरण कार्यक्रम (जनप्रतिनिधि, कर्मचारी र लक्षित वर्ग) अगाडि बढाइनेछ। मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा छुवाछुत विरुद्ध कानुनी प्रक्रिया सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९.१५ पालिकाको प्रोफाइल (पार्श्व चित्र) लाई तयार गरी पालिकाको समग्र अवस्था सहितको खण्डिकृत तथ्याङ्क अद्यावधिक गरिनेछ।

९.१६ दिगो विकासका लागि महिला सशक्तीकरण" भन्ने मान्यतालाई आत्मसात गर्दै महिलाहरुको लागि सचेतनामूलक र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। सँगसँगै सबै जातिका **असल बुहारीलाई सम्मान** गरिनेछ।

## पूर्वाधार विकास

### १०. भौतिक पूर्वाधार

१०.१ पाँच लाख भन्दा कम लागतका योजनाहरू कुल पूजिगत बजेटको ३०% भन्दा कम राखिनेछ।

१०.२ सडक **गुरुयोजना** तयार गरी गाउँपालिका स्तरमा बाटोको मापदण्ड निर्धारण गरेर सडक व्यवस्थित गरिनेछ। इस्मा गाउँपालिका भित्रका मुख्य सडकमा कच्ची नाली निर्माण सहित ग्रयाभल गरिनेछ। सडक यातायातको पहुँच नपुगेका स्थानहरुमा सडक निर्माण गर्ने तथा विद्यमान ग्रामिण सडकहरुको स्तरोन्नति गरिनेछ। लक्षित वर्गको लागि कम्तिमा १५

प्रतिशत छुट्टाई कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्रका सडकहरु मर्मत तथा हेरचाहका लागि मौसमी कामदारहरूको व्यवस्था गरिनेछ ।

१०.३ बहुवर्षीय एवम् गाउँपालिकास्तरीय ठूला तथा गौरवका योजना निर्माणमा आवश्यक बजेटका लागि संघीय तथा प्रादेशिक सरकारको सहयोग जुटाइनेछ ।

१०.४ इस्मा गाउँपालिका वडा नं. २ को कार्यालय भवन निर्माण कार्य सम्पन्न गरी भाडाको भवनबाट आफ्नै भवनमा स्थानान्तरण गरिनेछ । साथै वडा नं ५ को कार्यालय भवन निर्माणको लागी DPR गरिनेछ ।

१०.५ इस्मा गाउँपालिकालाई **खरका छानामुक्त गाउँपालिका** घोषणा गरिनेछ ।

१०.६ इस्मा गाउँपालिकालाई आवश्यक वार्षिक खरिद योजना स्वीकृत गरी लागू गरिनेछ ।

१०.७ इस्मा गाउँपालिका भित्रका निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोकिनेछ ।

१०.८ वैदेशिक रोजगारीबाट फर्केकाको लागि उनीहरुको सीपमा आधारित कार्यक्रमको लागि बजेटको व्यवस्था मिलाइनेछ। ( जस्तै सिमेन्ट, कंक्रिट ढलान कार्य ,ग्याभिङ्ग बाल, भवन निर्माण आदि)

१०.९ इस्मा गाउँपालिका वडा नं. ४ का हुल, चैया, रुमी, खग्रेटा, कालमुडा, मड्किना जाने मुख्य सडको प्रवेशद्वार माझीभिर स्थित बाटोलाई स्तरोन्नति गरिनेछ ।

१०.१० दर्लामचौरमा रहेको बहुउद्देश्यीय सभाहललाई थप घेराबार व्यवस्थापन गरिनेछ ।

## उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

११.१ विद्युत सुविधा विस्तार र व्यवस्थित गर्न **इस्मा विद्युत बोर्ड** गठन गरिनेछ। विद्युत सेवा नियमित गर्न हरेक वडामा एक जना विद्युत कर्मचारीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।इस्मा गाउँपालिका वडा नं. १,२ र ६ मा सामुदायिक विद्युतीकरणमा सम्बन्धमा नागरिकको सुझाव अनुसार आवश्यक व्यवस्था मिलाइनेछ । साथै अन्य वडामा विद्युत सुविधालाई व्यवस्थित गरिनेछ ।

११.२ इस्मा गाउँपालिकालाई **हाम्रो इस्मा, उज्यालो इस्मा** कार्यक्रमअन्तर्गत उज्यालो गाउँपालिका घोषणा गरिनेछ ।

११.३ विपन्न, अति गरीब तथा वञ्चितिकरणमा परेका समुदायहरुलाई विद्युत पहुँचसम्म पुर्याउन निःशुल्क विद्युत मिटर प्रदान गरिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

१२.१ विकास निर्माण कार्यलाई **वातावरणमैत्री र दिगो विकास**को अवधारणा अनुरुप अगाडि बढाइनेछ।

१२.२ विपद् व्यवस्थापनका लागि वर्षातका कारण उत्पन्न भलको परम्परागत निकास र आधुनिक व्यवस्थापन जस्ता आधारहरु लिई उचित व्यवस्थापन गरिने र त्यसबाट सडक, बस्ती, खेतीयोग्य जमीनमा हुने क्षतिलाई न्यूनीकरण गरिनेछ।

१२.३ सम्बद्ध सरोकारवालाहरुको संलग्नतामा गाउँपालिकाको आपतकालीन पूर्वतयारी एवं प्रतिकार्य योजना बनाइनेछ।

१२.४ आगलागी, चट्याङ र मनसुनजन्य विपद्को कारण क्षति भएका घरहरुलाई संघीय र प्रादेशिक सरकारको समन्वयमा मर्मत तथा निर्माण गरिनेछ।

१२.५ कुलो तथा बाँध संरक्षण गर्ने नीतिलाई आत्मसात गरिनेछ। पहिरो तथा भू-क्षयले गर्दा क्षति पुगेका कुलोहरुको मर्मत गरी अवरुद्ध भएको सिंचाइ सुविधालाई निरन्तरता दिइनेछ।

१२.६ विपदमा परेकालाई तत्काल राहत र उद्धार गर्न आवश्यक संयन्त्र निर्माण गरी परिचालन गर्ने र **विपद व्यवस्थापन कोषको कुल पुँजीगत बजेटको ०.५% भन्दा बढी रकम व्यवस्था** गरिनेछ। विपद व्यवस्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना लागु गर्दै विपदमा संलग्न जनशक्तिलाई प्रशिक्षण र उपकरणको व्यवस्था मिलाइनेछ।

१२.७ प्राकृतिक स्रोत साधन,माटो, ढुङ्गा, गिटी, बालुवा, वन पैदावार लगायतको उत्खनन् र उपयोग लाई सम्बन्धित निकाय संगको समन्वयमा थप व्यवस्थित गरिनेछ।

१२.८ २०७७ असार १८ गतेको अविरल वर्षाको कारण बाढी पहिरोले वडा नं.१ का प्रभावित क्षेत्रमा सुरक्षित बसोबास तथा भौतिक पूर्वाधार संरक्षण व्यवस्था मिलाउने गरी पहिरो नियन्त्रण तथा व्यवस्थापन गरिनेछ। रेसुङ्गा नगरपालिका वडा नं. ४, चिसाखोला र इस्मा गाउँपालिका वडा नं. २ स्याला जोड्ने झलुङ्गे पुल निर्माण, मुसिकोट वडा नं. १ र इस्मा वडा नं. ४ तिम्लेखर्क जोड्ने झलुङ्गे पुल तथा छल्दीटारा र पालुखा जोड्ने झलुङ्गे पुल निर्माण गरिनेछ।

१२.९ विपद जोखिम क्षेत्रको पहिचान अद्यावधिक र नक्साकंन, वातावरणीय क्षेत्र प्रबर्द्धनका लागि सबै वडाहरुमा परम्परागत दुई दुई वटा पुन भरण पोखरी दुई वटा बर पिपल भएका चौपारी चौतारी निर्माण गरिनेछ।

१२.१० वातावरण संरक्षणका लागि ५०% भन्दा बढी कार्यक्रममा टोल विकास संस्था तथा सामुदायिक संघ संस्था, निजि क्षेत्र र गै.स.सं को सहभगितामा कार्यक्रम तर्जुमा गरी लक्षित वर्गको सहभागितामा समेत कार्यक्रम सञ्चालन गरिनेछ।

१२.११ इस्मा गाउँपालिकाको लागत न्यूनीकरण लागि मुसिकोट नगरपालिकासँगको साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापनमा बाढी पीडित स्थल निस्तीको विपद् व्यवस्थापनका लागि उक्त क्षेत्रमा तटबन्धन गरिनेछ।

१२.१२ भविष्यमा थप विस्तार गर्न नपर्ने गाउँपालिकाको प्रमुख सडकको दुवैतिर हरियाली कायम गर्न स्थानीयको संलग्नतामा बिरुवा रोपेर स्थानीय समुदायलाई नै संरक्षणको जिम्मेवारी प्रदान गरिनेछ।

१२.१३ वातावरणीय तथा पर्यावरणीयका साथसाथै विपद् न्यूनीकरणका निम्ति इस्मा गाउँपालिका भित्र सञ्चालन रहेका ढुङ्गा खानीहरुलाई नियमन र व्यवस्थापन गरिनेछ।

१२.१४ वन डढेलो नियन्त्रणको लागि सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्य सामाजिक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध

१३.१ टोल विकास संस्थाहरूका पदाधिकारीलाई लेखा व्यवस्थापन र विविध शिर्षकमा अभिमुखिकरण प्रदान गरी विकास निर्माण र सामाजिक उन्नतिका काममा अग्रसर गराइनेछ।

१३.२ बोलपत्रको माध्यमबाट सार्वजनिक खरिदगर्नु पूर्व ईच्छुक बोलपत्रदाताहरूको पूर्व बोलपत्र बैठक आयोजना गरिनेछ।

१३.३ इस्मा गाउँपालिकाको हरेक महिनाको आय र व्यय विवरण ७ गते भित्र सार्वजनिक गरिनेछ।

१३.४ सेवा प्रवाहमा प्रविधिको उपयोगलाई प्रबर्द्धन गरिनेछ।

१३.५ गरीबीको रेखामुनि र सिमान्तकृत समुदायको उत्थानका लागि वर्ग लक्षित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३.६ E-Governance / Face less / Paper less Governance को अवधारणालाई विस्तार गरिनेछ।

१३.७ इस्मा गाउँपालिकाको मुख्य नाका छल्दीपनाहामा सि.सि.टि.भि. क्यामराको व्यवस्था सहित नगर प्रहरी बिटलाई व्यवस्थित गरिनेछ। नगर प्रहरीको भूमिकालाई आवश्यकता अनुसार आधुनिकिकरण गरिनेछ। गाउँपालिकाको सीमाना तथा मुख्य स्थलमा सि.सि.टि.भि. क्यामरा जडान गरिनेछ।

१३.८ व्यक्तिगत घटना दर्तामा **अनलाइनप्रणाली**, राजस्व संकलनमा **सफ्टवेयर** र सामाजिक सुरक्षा भत्तामा वितरणमा **बैंकिंग** प्रणालीलाई निरन्तरता दिइनेछ। **टोल-टोलमा सामाजिक सुरक्षा भत्ता**को सेवा सुविधा उपलब्ध गराइनेछ।

१३.९ **शिघ्र सेवा, तिव्र विकास**को अवधारणा अनुरुप गाउँपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवा नागरिकले छिटो, छरितो र प्रभावकारी ढंगले प्राप्त गर्न सकुन भन्ने उद्धेश्यले श्थापना गरिएको **नागरिक सहायता कक्ष** (Help Desk)लाई थप वयवस्थित गर्नका लागि कर्मचारीको व्यवस्था गरिनेछ।

१३.१० गाउँपालिका अन्तर्गतका सबै कार्यालय तथा विद्यालयहरुलाई सेवाग्राही मैत्री, सुविधायुक्त तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ।

१३.११ इस्मा गाउँपालिकालाई **डिजिटल गाउँपालिका** बनाउने अभियान अनुरुपत्यसको DPR को काम सम्पन्न भएको छ। सो मध्ये प्रथम चरणमा गाउँपालिकाको आई.एल.जी. प्रोफाइल, सुरक्षित डाटा भण्डारणको लागि डाटा व्याकप सर्भर, मुख्य

प्रवेशद्वार तथा स्थानमा सि.सि.टि.भि. क्यामरा, डिजिटल घरधुरी नम्बर र टेलिमेडिसिनको सेवालाई आगामी आ.व. मा सम्पन्न गरिनेछ।

१३.१२ गाउँपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्याइने छ। प्रत्येक वडामा **मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्र**को गठन/पुर्नगठन गरी न्याय सम्पादनमा सहजिकरणका लागि सामुदायिक मेलमिलाप केन्द्रका पदाधिकारीहरुको पुर्न ताजकी तथा ४८ घण्टे आधारभूत क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

१३.१३ न्यायिक समितिको क्षमता अभिवृद्धिका जस्ता कार्यक्रमलाई परिमार्जन सहित थप प्रभावकारी बनाइने छ। न्यायिक समितिमा परेका उजुरीहरुलाई आवश्यकता अनुसार मेलमिलापकर्ता परिचालन गरी सामुदायिक स्तरबाटै समाधान गर्नका लागि प्रोत्साहित गरिनेछ ।

१३.१४ गाउँपालिकाको क्षमता विकास योजना निर्माण गरि ६०% भन्दा बढी पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

१३.१५ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक वर्ष २०८०/०८१ मा निरन्तरता दिइनेछ। ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्ष र विज्ञहरुको सुझाव तथा प्रशिक्षण लिने नीति लिइनेछ।

१३.१६ सेवाग्राहीलाई सुशासनको अनुभूति दिलाइनेछ तथा **भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता**को नीति अवलम्वन लिइनेछ ।

१३.१७ गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गर्न करको दायरा विस्तार गरिदै लगिनेछ। उत्कृष्ट करदातालाई सम्मान र कर छली गर्नेलाई दण्ड जरिवाना गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३.१७ गाउँपालिका क्षेत्रभित्र रहेका सबैप्रकारका सार्वजनिक सम्पतिहरुको क्षेत्रगत अभिलेखीकरण गरी संरक्षण र बहुपयोगमा ल्याउने कार्यलाई अगाडि बढाइने छ।

१३.१८ **जनतासँग जनप्रतिनिधि** कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी बनाइनेछ।

१३.१९ सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक सुनुवाई** कार्यक्रम संचालन गरिनेछ।

१३.२० पत्रकारिता प्रोत्साहनका लागि **पत्रकार सम्मान** कार्यक्रम आरम्भ गरिनेछ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु!**

इस्माबासी नागरिकहरुले आफ्नो उन्नति र सेवाको लागि हामीलाई उहाँहरुको प्रतिनिधिका रुपमा निर्वाचित गर्नुभएको हो। हामीले कार्यभार सम्हालेको यो १ वर्षको अनुभवबाट धेरै ज्ञान लिएर एकताबद्ध ढंगले नागरिकको सेवामा तल्लिन हुनुपर्छ।

प्रस्तुत नीति तथा कार्यक्रम निर्माण गर्न महत्वपूर्ण सुझाव र सल्लाह प्रदान गर्नुहुने देश तथा विदेशमा रहनु भएका समस्त महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

०५ आषाढ, २०८०

भगत सिंह खड्का

अध्यक्ष